# संवत् २०७८ साल फागुन ३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४१।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | म्याग्दी जिल्ला अन्नपूर्ण-८ स्थायी निवासी वर्ष ६७ का श्री महावीर पुनलाई संवत् २०७८ सालको गण्डकी रत्न सम्मान प्रदान गर्ने। |
| २. | मु.म. तथा म.प. कार्यालय | गण्डकी प्रदेश सरकार मातहतका कार्यालयहरू मध्येबाट नमूना कार्यालय छनौट तथा पुरस्कृत गर्ने। |
| ३. | मु.म. तथा म.प. कार्यालय | गण्डकी प्रदेश सरकार मातहतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्येबाट निजामती सेवा पुरस्कारका लागि कर्मचारी छनौट तथा पुरस्कृत गर्ने। |
| ४. | आन्तरिक मामिला | गण्डकी प्रदेश सरकार स्थापना दिवस (२०७८ फागुन ४) को अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने। |
| ५. | आन्तरिक मामिला | आन्तरिक मामिला मन्त्रालयको संगठन संरचना तथा दरबन्दी (२३ जना) तेरिज स्वीकृत गर्ने। |
| ६. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण | नेपाल कृषि सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, प्रदेश सचिव श्री बासुदेव रेग्मी (क.सं.नं. १३९२८९) लाई कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशको प्रमुख पदमा कामकाज/पदस्थापना गर्ने। |
| ७. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण | प्रदेश जीवनाशक विषादी नियमन गर्ने सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०७८ साल फागुन ९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४२।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | प्रदेश सभाको अधिवेशन आह्वानका लागि माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने। |
| २. | अर्थ | कर तथा गैरकर राजश्व संकलन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७८ स्वीकृत गर्ने। |
| ३. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी | गण्डकी प्रदेश खाद्य परिषद् (गठन तथा सञ्चालन) आदेश, २०७८ स्वीकृत गर्ने। |
| ४. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास | श्रम तथा रोजगार नीति, २०७८ स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## संवत् २०७८ साल फागुन १६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४३।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | नासौं गाउँपालिकाको वडा सीमाना संशोधनको लागि नेपाल सरकारमा सिफारिस गर्ने। |
| २. | अर्थ | डा. जगदिशचन्द्र पोखरेलको नाममा रहेको साविक फरकचौर ३/च कि.नं. २४६ क्षे.फ. २-११-३-१ रोपनी जग्गा मध्ये १-०-०-० रोपनी जग्गा गोवर्धन शर्मा स्मृति कोषका नाममा जग्गाको लिखत पारित गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिने। |
| ३. | ऊर्जा, जलस्रोत तथा खानेपानी | गण्डकी प्रदेशको सिँचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृत दिने। |
| ४. | ऊर्जा, जलस्रोत तथा खानेपानी | खानेपानी आयोजना सर्वेक्षण नर्म्स, २०७८ स्वीकृति गर्ने। |
| ५. | वन, वातावरण तथा भूसंरक्षण | ताल संरक्षण तथा विकास प्राधिकरणको कार्यकारी प्रमुखको नियुक्तिका लागि छनौट समिति गठन गरी कार्यदिश स्वीकृत गर्ने। |
| ६. | स्वास्थ्य तथा जनसंख्या | नेपाल स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, एघारौं तह, प्रमुख स्वास्थ्य शिक्षा प्रशासक डा. विनोद विन्दु शर्मालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूहमा पदस्थापन गरी उपयुक्त जिम्मेवारी दिने। |
| ७. | विविध | मिति २०७८ फागुन २१ गतेदेखि २३ गतेसम्म माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा १८ जना प्रतिनिधिहरू सहितको मधेश प्रदेशको सद्भावना भ्रमण कार्यक्रम स्वीकृत गर्ने र उक्त भ्रमण कार्यक्रमको व्यवस्थापकीय कार्य र समन्वय सँगै बजेट व्यवस्था समेत पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेशले गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

# संवत् २०७८ साल फागुन ३० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ४४।०७८

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मु.म. तथा म.प. कार्यालय | माननीय मुख्यमन्त्रीज्यूको वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने। |
| २. | मु.म. तथा म.प. कार्यालय | सवारी साधनको मापदण्ड सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८ स्वीकृत गर्ने। |
| ३. | मु.म. तथा म.प. कार्यालय | गोरखा जिल्ला आरुघाट-९ स्थायी निवासी श्री पूर्णिमा श्रेष्ठलाई हिमाल आरोहण गर्न पाँच लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने। |
| ४. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास | गण्डकी विश्वविद्यालयको शिक्षण अस्पताल स्थापना सम्भाव्यता अध्ययनका लागि उच्चस्तरीय कार्यदल गठन गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*